त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१६
फ्याक्स: ५२६०१२९

च.न.: 05 ०७९/०८०  प्रकाशित मिति : २०७९।०४।०३

# M.Sc. Thesis को Online परीक्षा फाराम भर्ने र Final Defense सम्बन्धी सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा २०७९ भाद्र महिनामा संचालन गरिने स्नातकोत्तर तह सबै कार्यक्रम दोश्रो वर्ष दोश्रो खण्ड **Thesis Defense** को परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले **मिति २०७९।०४।०४ गते बिहान १०:०० वजे देखि २०७९।०४।१५ गते ५:०० वजे**सम्म Online परीक्षा फारम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्वन्धित क्याम्पसहरुले यसैलाई सूचना मानी Online Application मा उपलब्ध How To Apply अध्ययन गरी आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसवाट उपलब्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलब्ध हुने Token No.सहित भरी अनिवार्य रुपमा वुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।
२. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको वैंक भौचर तथा Payment Confirmation Slip वुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्वन्धित क्याम्पसहरुले Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन ।
३. तोकिएको समय २०७९।०४।१५ गते ५:०० वजेभित्र Online Exam Form भरी वैंक भौचर तथा Payment Confirmation Slip वुझाउन नसकेका परीक्षार्थीहरुले मिति २०७९।०४।१६ गतेदेखि २०७९।०४।१९ गते ४:०० वजेसम्म विशेष विलम्व शुल्क रु. १०००।०० (रुपैया एकहजार मात्र) तिरी परीक्षा फाराम भर्न सक्नेछन ।
४. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को **विशेष व्यवस्था** भए अनुसार **मिति २०७९।०४।२४ गते दिउँसो २:०० वजे** सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ।
५. उपलब्ध Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ । अन्यथा परीक्षा फारम Register हुने छैन ।
६. परीक्षा फाराममा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाया (Background plain) भएको, पासपोर्ट साइजको फोटो मात्र प्रयोग गर्नु पर्नेछ ।
७. Regular परीक्षार्थीहरुले अनिवार्य परीक्षा फारम भर्नुपर्नेछ । यदि परीक्षा फारम नभरेको खण्डमा ६ महिना पछि हुने Thesis Final Defense को मौका परीक्षामा समाबेश हुन पाउने छैन।
८. Thesis Final Defense गर्नका लागी सबै बर्ष सबै खण्डको परीक्षामा सबै Core विषयहरु उत्तिर्ण गरी कम्तिमा 44 Credit उत्तीर्ण भएको लब्धाङ्कपत्रको प्रतिलिपि र Confirmation Slip अनिवार्य रुपमा बुझाउनु पर्नेछ । अन्यथा परीक्षा फारम Accept हुने छैन ।
९. उपरोक्त Thesis Defense मिति २०७९।०५।०१ देखि २०७९।०५।३१ गते सम्म सम्पन्न गरी सो को हाजिरी, प्राप्ताङ्क र Thesis (hard cover binding) मिति ***२०७९ असोज ०९ गते भित्र अनिवार्य रुपमा*** यस महाशाखामा उपलब्ध गराई दिनु हुन सम्पूर्ण कार्यक्रम संयोजकज्यूहरुलाई जानकारी गराईन्छ । साथै उक्त समयावधि भित्र हाजिरी, प्राप्ताङ्क र Thesis (hard cover binding) प्राप्त नभएमा इ.अ.सं, परीक्षा नियन्त्रण महाशाखा नतिजा प्रकाशन गर्न बाध्य हुने छैन।

**द्रष्टव्य: स्नातकोत्तर तह (M.Sc.) २०७४ भर्ना समूहको Thesis Defense परीक्षामा अन्तिम पटक सम्मिलित हुन पाउने ब्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।**

प्रा. डा. ज्ञानवहादुर थापा
सहायक डीन

**बोधार्थ तथा कार्यार्थ:**
श्री डीनको कार्यालय,इ.अ.सं. पुल्चोक, ललितपुर ।
श्री पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर ।
श्री थापाथली क्याम्पस, थापाथली, काठमाण्डौं ।
श्री पुर्वाञ्चल क्याम्पस, गंगालालमार्ग, धरान ।
श्री पश्चिमांञ्चल क्याम्पस, लामाचौर, पोखरा ।
श्री आर्थिक शाखा, प. नि. म. शा. चाकुपाट, ललितपुर ।